गौरीगंज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगंज झापा
१ नं. प्रदेश, नेपाल

फोन नं. :- ०२३-४१२०४४

# खाना तथा नास्ताको दररेट पेश गर्ने बारेको सूँचना
## दोस्रो पटक प्रकाशित मिति : २०७७/०४/१५

उपरोक्त विषयमा कोरोना भाइरस कोभिड १९ महामारी रोकथाम तथा नियन्त्रणका क्रममा यस गौरीगञ्ज गाउँपालिकाद्वारा सञ्चालित क्वारेण्टाइन स्थलमा राखिएका नागरिकहरुलाइ तपशिलको विवरण अनुसार दैनिक खाना खुवाउने प्रयोजनकालागि इच्छुक फर्म/व्यावसायी लाई प्रति व्यक्ति प्रति दिन अधिकतम रु ३००/- मा नवढ्ने गरी दोस्रो पटक सुचना प्रकाशित भएको मितिवाट ३ दिन भित्र खरिद गरि दर रेट सहित कोटेसन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

१) तपसिलमा उल्लेख भए अनुसार दस्तुर (फिर्ता नहुने गरि) यस गौरीगंज गाउँपालिका कार्यालयको नाममा रहेको श्री एन.आई.सि. एसिया बैंक लि. गौरीगंज, धरौटी खाता नं. ०८७२०५००२८४२६००२ मा जम्मा गरेको सक्कल भौचर साथ सम्बन्धित व्यवसायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, आय कर (PAN) प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि दोस्रो पटक सूँचना भएको मितिले ३ दिन भित्र मिति २०७७/०४/१७ गते भित्रमा कार्यालयबाट रु. १०००।- तिरी दरभाउपत्र खरिद गर्न सकिने छ।

२) खरिद भएको दरभाउपत्र फाराम सिलवन्दी गरी खाम वाहिर आफनो वा फर्मको नाम, ठेगाना र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७७/०४/१८ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ।

३) खरिद भएको दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले मिति २०७७/०४/१८ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिती नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ।

५) दरभाउपत्र अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको स्थानमा दरभाउपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ।

६. खाजा तथा खानाको गुणस्तर समय समयमा चेक जाँच गरिनेछ। चेकजाँचका बखतमा खाजा तथा खाना गुणस्तरहिन भएको पाइमा रकम भुक्तानी हुनेछैन।

७. रित नपुगी वा म्याद नाघी पेश हुन आएका दरभाउपत्र उपर कारवाही हुनेछैन।

८. दरभाउपत्र कार्यालयको हितमा पुरा वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

९. प्रथम पटक प्रकाशित सुचना अनुसार खरिद भई पेश हुन बाकी रहेका दरभाउपत्र फारमहरु समेत पेश गर्न चाहेमा नियमसंगत मानिने छ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ।

तपसिल

| सि.न. | कामको विवरण | धरौटी | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| १ | विहान ६:०० देखी ७:०० वजे भित्र : चिया १ कप र रोटी २ पिस (वा विस्कुट १ पाकेट)<br>विहान १०:०० देखी ११:०० वजे भित्र : खाना भरपेट (दाल, भात, तरकारी, अचार, पानी आदी)<br>दिउसो १:३० देखी २:३० भित्र : खाजा सामान्य १ प्लेट र चिया १ कप<br>साँझ ६:३० देखी ८:०० वजे भित्र : खाना भरपेट (दाल, भात, तरकारी, अचार, पानी आदी) | रु. ५००००।- | रु. १०००।- |